# <u>प्रेस विज्ञप्ति</u>

## *ऐन संशोधन विना आयोगको म्याद थप्ने सरकारी निर्णयप्रति गम्भीर आपत्ती । सर्वोच्च अदालतको आदेश बमोजिम कानुन संशोधन र असक्षमसिद्ध आयोगहरु पुनर्गठनको माग !*

२५ माघ २०७४ ।

पीडित एवं मानवअधिकार समुदायको जायज सरोकार र मागलाई लत्याउँदै अध्यादेश जारी गरी स्वेच्छाचारी ढंगले सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिको छानबीन आयोगको म्याद थप्ने मिति २३ माघ २०७४ को सरकारी निर्णयप्रति हाम्रो गम्भीर आपत्ति छ । तीन वर्ष बिताइसक्दा पनि द्वन्द्वकालिन मानवअधिकार उल्लंघन तथा ज्यादतीबारे सत्यतथ्य पत्ता लगाउन एवं न्याय र परिपूरणका लागि मार्गप्रशस्त गर्नमा आयोगहरु पूर्णतः असफल भएको तथ्य जगजाहेर छ । द्वन्द्वकालिन ज्यादती तथा उल्लंघन छानविनको गहनतम कार्यादेश अभ्यास गर्न असक्षम एवं अनिच्छित आयोगहरुको यथास्थितिमा नै म्याद थप्नुको कुनै औचित्य छैन ।

यसस्थितिमा हालै संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषदको सदस्यका रुपमा निर्वाचित नेपालले 'सर्वोच्च अदालतका आदेश एवं सत्य, न्याय र परिपूरणको अन्तर्राष्ट्रिय कानूनी दायित्व अनुकूल कानूनमा संशोधन' एवं 'आयोगहरुको यथोचित पुनर्गठन' मार्फत संक्रमणकालिन न्याय प्रकृयाको विश्वसनीयता, प्रभावकारिता र सफलता सुनिश्चित गर्नबाट पछाडी हट्नु खेदपूर्ण छ ।

सरकारको औचित्यहीन निर्णय नसच्याईए संक्रमणकालिन न्याय प्रकृयाको सन्दर्भमा विद्यमान वैधताको संकट थप गहिरिने र समस्याको दिगो सम्बोधन गर्न चुक्दा स्वभावतः न्यायका लागि अन्तर्राष्ट्रिय उपाय खोज्ने परिस्थिति सृजना हुनेतर्फ समयमा नै सम्बन्धित सबै सचेत हुनु आवश्यक छ । तसर्थ, वैध सरोकार र चासोहरुलाई गम्भिरतापूर्वक मनन गरी अध्यादेश प्रतिस्थापन विधेयकसमेत मार्फत निम्नानुसारका सरोकारलाई सम्बोधन गर्दै संक्रमणकालिन न्याय प्रकृयालाई विश्वसनीय बनाउन जोडदार माग गर्दछौं:-

(क) मानवअधिकार उल्लंघनका गम्भीर मुद्दाहरू (गैह्र न्यायीक हत्या, जबरजस्ती बेपत्ता गरिने कार्य, यातना, बलात्कार तथा यौन हिंसालगायत) मा क्षमादान/माफी नहुने, अभियोजन फिर्ता नहुने तथा हदम्याद लागु नहुने स्पष्ट कानूनी प्रावधान ।
(ख) पीडित तथा नागरिक समाजसँगको अर्थपूर्ण परामर्शमा आयोगको पुनर्गठन ।
(ग) सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबीन आयोगले सिफारिश गरेका मुद्दाहरूको न्यायिक स्वतन्त्रताका मान्यता अनुकूल स्थापित विशेष अदालतद्वारा न्यायिक निरुपण हुने स्पष्ट व्यवस्था ।
(घ) अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल यातना तथा जबरजस्ती बेपत्ता बनाउने कार्यको अपराधीकरण ।
(ङ) अदालतमा विचाराधीन मुद्दाहरू आयोगमा स्थानान्तरण नहुने स्पष्ट प्रत्याभूति ।
(च) पीडितको मर्यादित तथा सम्मानजनक परिपूरणको अधिकारको सुनिश्चितता ।
(छ) मेलमिलापयोग्य अपराधका हकमा पनि पीडितहरूको सुसूचित सहमतिमा मात्र मेलमिलाप हुने कानूनी स्पष्टता ।
(ज) भविष्यमा उल्लंघनका घट्नाहरू पुनः नदोहोरिने सुनिश्चितताका लागि भेटिङ्ग प्रणाली तथा

संस्थागत सुधारसमेतका उपायहरूको अवलम्वन ।
(झ) पीडित तथा साक्षी संरक्षणको यथोचित व्यवस्था ।
(ञ) थपिएको समयावधिभित्र आयोगहरुले सार्थक रुपमा कार्यसम्पादन गर्ने कुराको सुनिश्चितताका लागि पीडित संस्था तथा नागरिक समाजको सहभागितासहितको स्पष्ट कार्ययोजनाको निर्माण ।
(ट) द्वन्द्वकालिन घटनामा जिम्मेवारलाई फौजदारी जवाफदेही वहन गराउने गरी अदालतले गरेका फैसलाको अविलम्ब कार्यान्वयन ।

| **संस्था** | **सम्वन्धित पदाधिकारी** |
|---|---|
| जवाफदेहीता निगरानी समुह (AWC) | चरण प्रसाई, संयोजक |
| अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) | सुबोधराज प्याकुरेल, अध्यक्ष |
| न्याय तथा अधिकार संस्था (JuRI-Nepal) | अधिवक्ता शर्मिला श्रेष्ठ, अध्यक्ष |
| आममाफी विरुद्ध नागरिक अभियान | प्राध्यापक कपिल श्रेष्ठ |
| | |
| मनव अधिकारका लागि एकल महिला | लिली थापा |
| मानवअधिकार संयुक्त मञ्च | अधिवक्ता बाबुराम गिरी, सह-संयोजक |
| सिभिल राइट्स एशोसिएसन नेपाल (सिरान) | अधिवक्ता आषिकराम कार्की, महासचिव |
| एड्भोकेसी फोरम | ओम प्रकाश सेन ठकुरी, कार्यकारी निर्देशक |
| कानुन अध्ययन केन्द्र (CLS) | विरेन्द्र थपलिया, अध्यक्ष |
| लोकतान्त्रिक स्वतन्त्रता तथा मानव अधिकार संस्था (DFHRI) | शिव बिशंखे, कार्यकारी निर्देशक |
| वर्ल्ड भिजन एड्भोकेसी फोरम (WVAF) | अधिवक्ता दिनेश त्रिपाठी, अध्यक्ष |
| मानव अधिकार संगठन (HURON) | अधिवक्ता इन्द्रप्रसाद अर्याल, अध्यक्ष |
| राष्ट्रिय मानव अधिकार प्रतिष्ठान (HURFON) | भवानी खरेल, अध्यक्ष |
| इन्हुरेड इन्टरनेशनल (INHURED) | सृजना पोखरेल, कार्यकारी निर्देशक |
| न्यायका लागि द्वन्दपीडित समाज | जनक रावत |
| गुरु लुइटेल अध्ययन तथा विकास केन्द्र | फणिन्द्र लुइटेल |
| गणेश उज्जन प्रतिष्ठान | सावित्रि श्रेष्ठ |
| सामाजिक न्यायको लागि कानुन तथा नीति नियम मञ्च (LAPSOJ) | वरुण घिमिरे, कार्यकारी निर्देशक |
| Equal Access Nepal | उपेन्द्र अर्याल, कार्यकारी निर्देशक |

**मानवअधिकारकर्मी तथा नागरिक समाजका सदस्यहरु**

| | |
|---|---|
| राजन कुईकेल | कनकमणि दिक्षित |
| अधिवक्ता राजु प्रसाद चापागाई | डा. गोपालकृष्ण सिवाकोटी |
| कुमार सुवेदी | अधिबक्ता गोविन्दशर्मा बन्दी |
| अधिबक्ता ओम प्रकाश अर्याल | महामुनिश्वर आचार्य |
| सूर्यबहादुर अधिकार | अधिवक्ता सरिता गौतम |
| विकास वस्नेत | चन्द्र अधिकारी |
| | |